# राशन (सिदा) ठेक्का आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०९।१४)

यस दमक नगरपालिका अन्तर्गत रहेको दमक अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरुको लागि मिति २०७९ माघ १ गते देखि मिति २०८० पौष मसान्तसम्म एक बर्षको निम्ति रासन (सिदा) ठेक्काबाट बन्दोवस्त गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरि तोकिएको अवधि भित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

| क्र.स | ठेक्का नं. | बिवरण | न्यूनत मठेक्का अंक मुअकर बाहेक | जमानत | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मितिर स्थान | सिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| 1 | DMO/JHAPA/RASAN/17/2079-80 | रासन (सिदा) बन्दोबस्त | १८,६८,१६६।२५ | ४७,०००।०० (सड्चालिस हजार) | १,०००।- | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | फारम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२ बजे सम्म |

**नोट** : शर्तहरु www.damakmun.gov.np मा हेर्नुहुन ।

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल
फोनः ०२३-५८००४४, ५८०१३७,
५८०५०२,५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. २०७९/०८०
च.नं.

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

# सिलबन्दी दरभाउपत्र फारम

## १. राशन ठेक्का आव्हानको सूचना

### राशन ठेक्का आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०९।१४)

यस दमक नगरपालिका अन्तर्गत रहेको दमक अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरुको लागि मिति २०७९ माघ १ गते देखि मिति २०८० पौष मसान्त सम्म एक बर्षको निम्ति रासन (सिदा) ठेक्कबाट बन्दोबस्त गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरि तोकिएको अवधि भित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | बिवरण | न्यूनत मठेक्का अंक मु.अ.कर बाहेक | जमानत | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र स्थान | सिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| 1 | DMO/JHAPA/RASAN/17/2079-80 | रासन बन्दोबस्त | १८,६८,१६६।२५ | ४७,००० सड्चालिस हजार | १०००।- | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | फारम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२ बजे सम्म |

**शर्तहरु**

१) ईच्छुक बोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, भ्याटमा दर्ता भएको प्रमाण पत्र र गत आ. ब. २०७८/०७९ को कर चुक्ता प्रमाण–पत्र पेश गरि कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ।

२) शिलबन्दी दरभाउपत्र दाखिला गर्न नसक्ने शिलबन्दी दरभाउपत्रदाताले रितपुर्वकको अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ। पर्न आएका शिलबन्दी दरभाउपत्रहरु शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको

"हरित, सफा, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

फोन: ०२३-५८००४४, ५८०१३७,
५८०५०२,५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. २०७९/०८०
च.नं.

प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन । आवश्यक संख्यामा रितपुर्वक दरभाउपत्र प्राप्त हुन नआएमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

३) शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरि भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा शिलबन्दी दरभाउपत्रदाताले स्पष्ट सही छाप गरेको हुनुपर्नेछ ।

४) शिलबन्दी दरभाउपत्रमा उल्लेखित धरौटी रकम यस कार्यालयको रा. वा. वैंक दमक स्थित धरौटी खाता हि.नं. ग-३-२१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

६) शर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

७) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ। ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्नेछ ।

८) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
दमक नगरपालिका

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२,५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. २०७९/०८०
च.नं.

## २. अन्य शर्तहरु:

१) दमक अस्पतालमा भान्सेको व्यबस्था नभएकाले आपुर्तिकर्ताले राशन आपुर्तिका साथै बिरामीका लागि तोकिएका सरसामानको तोकिएको परिमाणमा खाना पकाई बनाई खुवाउनु पर्नेछ।

२) राशन आपुर्तिको सम्झौता राशनको हकमा इकाई दरमा र भान्से तथा ग्यासको हकमा एकमुष्ट दरमा सम्झौता गरिनेछ।

३) भुक्तानी आपुर्तिकर्ताले कवोल गरेको दररेटमा प्रयोग भएको सामानको आधारमा मासिक रुपमा हुनेछ।

४) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै बिवाद उत्पन्न भएमा दमक नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

५) ठेक्का संचालनको अवधिमा कुनै किसिमको थप भुक्तानी माग्न तथा सरसामानको गुणस्तर र परिमाणमा छुट माग्न पाइने छैन। बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भईपरेमा प्रचलित कानून बमोजिमको आधारमा मात्र निर्णय गर्न सकिनेछ।

६) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखि बुझ्न सकिने छ।

७) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

प्रमुख प्रशासकिय अधिकृत
दमक नगरपालिका